भजनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

प.सं. :- २०७७।०७८(शिक्षा)
च.नं. :- ९६

मिति :-२०७७।०४।०४

विषय :सम्पत्ति विवरण बुझाउने सम्बन्धमा ।

श्री भजनी नगरपालिकाका सम्पूर्ण स्थायी अस्थायी तथा
राहत शिक्षकहरु,विद्यालय कर्मचारी र बाल विकास सहजकर्ताहरु, भजनी ।

प्रस्तुत विषयमा शिक्षा विकास तथा समन्वय इकाइ धनगढी कैलालीको च.न.१२ मिति २०७७।०४।०२ को पत्र अनुसार आ.व. २०७६।०७७ को सम्पत्ति विवरण सम्बन्धमा तपसिल बमोजिम गर्न हुन अनुरोध छ ।

**तपसिल**

१. सम्पूर्ण स्थायी शिक्षकहरु र मिति २०७६ श्रावण १ गते देखि २०७७ असाढ मसान्त सम्म अवकाश भएका स्थायी शिक्षकहरुले समेत आफ्नो सम्पत्ति विवरण मिति २०७७ श्रावण ३० गते भित्र विद्यालयगत अनिवार्य रुपमा नगरपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखामा कार्यालय समय भित्र दर्ता गराई बुझाउनु हुन अनुरोध छ । उक्त मिति भित्र बुझाउन नसक्ने शिक्षकहरुले आफै शिक्षा विकास तथा समन्वय इकाइ धनगढीमा बुझाउनु पर्नेछ ।

२. अस्थायी,करार तथा राहत शिक्षकहरु, विद्यालय कर्मचारीहरु र बाल विकास सहजकर्ताहरुले मिति २०७७ भाद्र १५ गते भित्र अनिवार्य रुपमा नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा कार्यालय समयभित्र दर्ता गराउन हुन अनुरोध छ ।

३. प्रत्येक शिक्षकले अनिवार्य रुपमा खाम बाहिर उल्लेख गर्नु पर्ने विवरण

आ.व. २०७६।०७७ को सम्पत्ति विवरण

| संकेत न. | विद्यालयको नाम र ठेगाना |
|---|---|
| शिक्षकको नाम,थर: | जिल्ला: स्थानिय तह: |
| तह : | मो.न.: |
| श्रेणी: | इमेल ठेगाना : |

निमित्त प्रमुख प्रशासकीय अधिकृत